मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

**विषय :- सूचना । सूचना ।। सूचना ।।।**
(प्रथम पटक प्रकाशति मिति २०८३।०२।१९)

मनराशिसवा नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नगरसभाबाट स्वीकृत तपसिलको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न देहायको प्रावधान सहितको सात देखि एग्घार सदस्यीय एक उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समिति समेत आम उपभोक्ता भेलाबाट गठन गर्न आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा उक्त आयोजनाबाट लाभान्वित हुने सबै वर्ग र समूह उपस्थित भई नियमानुसारको विवादरहित समिति गठन गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

निम्नः

१. मितिः २०८३।०२।२५ गते सोमवार२. समयः- दिनको १२.०० बजे ।

३. उ.स.गठनका लागि भेला हुने स्थानः- उप-स्वास्थ्य चौकी समुदायिक सभाहल,सहसराम मनराशिसवान.पा.-८

| सि.नं. | योजनाकोनाम/ स्थल | स्वीकृतरकम | जिम्मेबारपदाधिकारी/ शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | वडानं.५र८मा विभिन्न कूलो पैनी निर्माण तथा जिर्नोधर कार्य| | | कार्यपालिका सदस्य– श्री रामनरेश रजक<br>र योजना शाखा प्रमुख | |

**उपभोक्ता समिति गठन गर्दा पालन गर्नुपर्ने शर्तहरू**

१.उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायको आम भेलाबाट सम्वन्धित आयोजनास्थलमै ७(सात) देखि ११(एग्घार) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेष्छ ।

२. उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र अटो साईजको फोटो २(दुई) प्रति पेश गर्नुपर्नेछ ।

३. उपभोक्ता समितिका सदस्यहरूमा कम्तिमा ३३% महिला हुनुपर्नेछ । समितिको अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ ।

४. एक न्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन् साथै एकासगोलका परिवारबाट एक जना मन्दा बढी न्यक्ति समितिको सदस्य हुन पाउनेछैन् ।

५. उपभोक्ता समितिमा राजनैतिक दलको कुनै पनि पदमा आसिन न्यक्ति सरकारी कर्मचारी शिक्षक, सरकारी पेश्की वा वेरुजु फर्छ्यौट नगरेका व्यक्ति र फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेको र सरकारी सम्पत्ति हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य हुनपाउने छैन् ।

६. उपभोक्ता समिति गठन गर्दा समावेशी हुने गरि गठन गर्नु पर्नेछ ।

७.उपभोक्ता समिति गठन गर्दा नियमानुसारको एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

८. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण ब्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन् ।



CamScanner

# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मैनसा, महोत्तरी
मधेश प्रदेश, नेपाल

९.उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत्बाट संचालन गर्ने निर्णय भएको हुनु पर्नेछ ।
१०. उपभोक्ता समितिमा आबद्ध व्यक्तिहरू मध्ये अध्यक्ष, सचिव र कोषाध्यक्ष अनिवार्य रूपमा साक्षर तथा अन्य सामान्यतया साक्षर भएको हुनु पर्नेछ ।
११. उपभोक्ता समितिले कार्यालयले व्यहोर्ने रकमको कम्तीमा १० प्रतिशत नगद वा जनश्रमदान वापत व्यहोर्नु पर्नेछ ।१२.नगरपालिकाबाट स्वीकृत अन्य सबै शर्तहरुको पूर्ण पालना गर्नुपर्ने छ ।

विजय नारायण ठाकुर
अधिकृत सातौं

बोधार्थः-श्री वडा नं.५र ८ को वडा कार्यालय



CamScanner